# खोप लगाउने व्यक्ति तथा स्याहारकर्ताहरूका लागि जानकारीमूलक सामग्री
## 18 वर्ष वा सोभन्दा बढी उमेरका मानिसहरूमा
## कोरोना भाइरस रोग 2019 (COVID-19) को रोकथामका लागि
## MODERNA को COVID-19 खोपको आपत्कालीन प्रयोगको अनुमति (EUA)

SARS-CoV-2 का कारणले लाग्ने कोरोना भाइरस 2019 (COVID-19) को रोकथाम गर्न तपाईंलाई Moderna को COVID-19 खोप लगाइँदैछ । COVID-19 को महामारी चलिरहेको बेला तपाईंले Moderna को COVID-19 खोप लगाउनुपर्ने हुन सक्छ । यस जानकारीमूलक सामग्रीमा तपाईंलाई यस खोपका जोखिम तथा फाइदाहरूका बारेमा बुझ्नमा मद्दत गर्ने जानकारी समावेश गरिएको छ ।

Moderna को COVID-19 खोप सुईमार्फत दिइने एउटा खोप हो जसले तपाईंलाई COVID-19 लाग्नबाट जोगाउन सक्नेछ । अमेरिकी खाद्य तथा औषधी प्रशासन (FDA) ले अहिलेसम्म COVID-19 को रोकथामका लागि कुनै पनि खोपलाई अनुमोदन गरिसकेको छैन ।

Moderna को COVID-19 खोपका बारेमा जान्न यो जानकारीमूलक सामग्री पढ्नुहोस् । यदि तपाईंका कुनै पनि प्रश्नहरू छन् भने तपाईंलाई खोप लगाउने प्रदायकसँग कुरा गर्नुहोस् । Moderna को COVID-19 खोप लगाउने वा नलगाउने तपाईंको रोजाइको कुरा हो ।.

Moderna को COVID-19 खोप 1 महिनाको अन्तरमा 2 वटा डोज गरेर मांसपेशीमा लगाइन्छ ।

Moderna को COVID-19 खोपले सबैलाई सुरक्षा नदिन सक्नेछ ।

यो जानकारीमूलक सामग्रीलाई अद्यावधिक गरिएको हुन सक्नेछ । सबैभन्दा ताजा जानकारीमूलक सामग्रीका लागि, कृपया यहाँ जानुहोस्:www.modernatx.com/covid19vaccine-eua.

### यो खोप लगाउनुभन्दा पहिले तपाईंले जान्नुपर्ने कुराहरू

**COVID-19 के हो ?**

COVID-19 भनेको SARS-CoV-2 प्रजातिको कोरोना भाइरसका कारण लाग्ने रोग हो । यो प्रकारको कोरोना भाइरस यसअघि देखिएको थिएन । तपाईं यो भाइरस लागेको व्यक्तिको सम्पर्कमा आउनुभयो भने तपाईंलाई COVID-19 लाग्न सक्छ । यो मुख्यतः श्वासप्रश्वाससम्बन्धी रोग हो र यसले अरू अङ्गहरूमा पनि असर गर्न सक्छ । COVID-19 भएका मानिसहरूमा हल्का लक्षणदेखि गम्भीर बिमारीसम्मका विभिन्न खालका लक्षणहरू देखिएका छन् । यी लक्षणहरू भाइरसको सम्पर्कमा आएको 2 देखि 14 दिनको बीचमा देखिन सक्नेछन् । लक्षणहरूमा निम्न लगायतका पर्न सक्नेछन्: ज्वरो आउने वा काम छुट्ने, खोकी लाग्ने, सास फुल्ने, थकाइ लाग्ने, मांसपेशी वा शरीर दुख्ने, टाउको दुख्ने, स्वाद वा गन्ध थाहा पाउने क्षमता गुमाउने, घाँटी दुख्ने, नाक बन्द हुने वा नाकबाट पानी बग्ने, वाकवाकी लाग्ने वा बान्ता हुने, पखाला लाग्ने ।

**Moderna को COVID-19 खोप भनेको के हो ?**

Moderna को COVID-19 खोप स्वीकृत भइनसकेको खोप हो जसले COVID-19 को रोकथाम गर्न सक्नेछ । अहिलेसम्म FDA ले COVID-19 को रोकथामका लागि कुनै पनि खोपलाई अनुमोदन गरिसकेको छैन ।

FDA ले आपत्कालीन प्रयोग अनुमति (EUA) अन्तर्गत 18 वर्ष वा सोभन्दा बढी उमेरका मानिसहरूलाई COVID-19 बाट बचाउनका लागि Moderna को COVID-19 खोपको आपत्कालीन प्रयोगको अनुमति प्रदान गरेको छ ।

EUA का बारेमा थप जानकारीका लागि यस जानकारीमूलक सामग्रीको अन्तिम खण्डमा रहेको "**आपत्कालीन प्रयोग अनुमति (EUA) भनेको के हो ?**" हेर्नुहोस् ।

**Moderna को COVID-19 खोप लगाउनुभन्दा पहिले तपाईंले आफ्नो खोप प्रदायकलाई के-के कुराहरू बताउनुपर्छ ?**
आफ्नो खोप प्रदायकलाई निम्न लगायतका आफ्ना सम्पूर्ण स्वास्थ्य अवस्थाहरूका बारेमा बताउनुहोस्:

- तपाईंलाई कुनै एलर्जी छ
- तपाईंलाई ज्वरो आएको छ
- तपाईंमा रक्तस्रावसम्बन्धी विकार छ वा तपाईंले रगत पातलो गराउने औषधि खाइरहनुभएको छ
- तपाईंको प्रतिरोधात्मक क्षमता कमजोर छ वा तपाईंले प्रतिरक्षा प्रणालीमा असर गर्ने औषधी खाइरहनुभएको छ
- तपाईं गर्भवती हुनुहुन्छ वा तपाईंले गर्भवती हुने योजना बनाउनुभएको छ
- तपाईं स्तनपान गराउँदै हुनुहुन्छ
- तपाईंले COVID-19 को अर्को कुनै खोप लगाइसक्नुभएको छ

**Moderna को COVID-19 खोप कस-कसले लगाउनुपर्छ ?**

FDA ले 18 वर्ष तथा सोभन्दा बढी उमेरका मानिसहरूमा Moderna को COVID-19 खोपको आपत्कालीन प्रयोगको अनुमति दिएको छ ।

**Moderna को COVID-19 खोप कस-कसले <u>लगाउनुहुँदैन</u> ?**
तपाईंले निम्न अवस्थाहरूमा Moderna को COVID-19 खोप लगाउनुहुँदैन:

- यस खोपको अघिल्लो डोज लगाइसकेपछि गम्भीर एलर्जीजन्य प्रतिक्रिया भएको खण्डमा
- यस खोपमा समावेश गरिएको कुनै पनि तत्त्वले गम्भीर एलर्जीजन्य प्रतिक्रिया भएको खण्डमा

**Moderna को COVID-19 खोपमा कुन-कुन तत्त्वहरू समावेश छन् ?**

Moderna को COVID-19 खोपमा निम्न तत्त्वहरू समावेश छन्: मेसेन्जर राइबोन्युक्लेएक एसिड (mRNA), लिपिड (SM-102, पोलिथाइलिन ग्लाइकोल [PEG] 2000 डिमाइरिस्टोइल ग्लिसरोल [DMG], कोलेस्ट्रोल तथा 1,2-डिस्टिरोयल-एसएन-ग्लाइसेरो-3-फोस्फोकोलिन [DSPC]), ट्रोमेथामाइन, ट्रोमेथामाइन हाइड्रोक्लोराइड, एसिटिक एसिड, सोडियम एसिटेट र सुक्रोज ।

**Moderna को COVID-19 खोप कसरी दिइन्छ ?**
Moderna को COVID-19 खोप तपाईंलाई मांसपेशीमा सुईको माध्यमबाट दिइनेछ ।

Moderna को COVID-19 खोप 1 महिनाको अन्तरमा 2 वटा डोज दिइन्छ ।

यदि तपाईंले Moderna को COVID-19 खोपको पहिलो डोज लगाउनुभयो भने खोपको सिरिज पूरा गर्न तपाईंले 1 महिनापछि यही खोपको दोस्रो डोज लगाउनुपर्छ ।

**के Moderna को COVID-19 खोप पहिले प्रयोग भइसकेको छ ?**

Moderna को COVID-19 खोप स्वीकृत भइनसकेको खोप हो । क्लिनिकल ट्रायलहरूमा 18 वर्ष वा सोभन्दा बढी उमेरका लगभग 15,400 मानिसहरूले Moderna को COVID-19 खोपको कम्तीमा पनि 1 डोज लगाइसकेका छन् ।

**Moderna को COVID-19 खोपका फाइदाहरू के-के छन् ?**

चलिरहेको क्लिनिकल ट्रायलमा Moderna को COVID-19 खोपलाई एक महिनाको अन्तरमा 2 वटा डोज लगाउँदा यसले COVID-19 लाई रोकथाम गरेको देखिएको छ । यो खोपले कति समय COVID-19 बाट जोगाउन सक्छ भन्ने कुरा हालसम्म पत्ता लागिसकेको छैन ।

**Moderna को COVID-19 खोपका जोखिमहरू के-के छन् ??**

Moderna को COVID-19 खोपका रिपोर्ट गरिएका साइड इफेक्टहरू निम्न लगायतका छन्:

- सुई लगाएको ठाउँमा हुने प्रतिक्रियाहरू: सुई लगाइएको हातका लिम्फ नोडहरूमा दुख्ने, छुँदा पोले जस्तो हुने, सुन्निने, कडापन र रातो हुने
- समान्य साइड इफेक्टहरू: थकाइ लाग्ने, टाउको दुख्ने, मांसपेशी दुख्ने, जोर्नीको दुखाइ, काम्ने, वाकवाकी लाग्ने तथा बान्ता हुने र ज्वरो आउने

Moderna को COVID-19 खोपले गम्भीर एलर्जीजन्य प्रतिक्रिया हुन सक्ने झिनो सम्भावना हुन्छ । गम्भीर एलर्जीजन्य प्रतिक्रिया सामान्यतया Moderna को COVID-19 खोपको डोज लगाएको केही मिनेटदेखि एक घण्टाभित्र देखिन्छ । यही कारणले गर्दा, तपाईंका खोप प्रदायकले निगरानीका लागि तपाईंलाई खोप लगाएपछि खोप लगाइएको ठाउँमै केही समय बस्न लगाउन सक्नेछन् । गम्भीर एलर्जीजन्य प्रतिक्रियाका लक्षणहरूमा निम्न लगायतका पर्न सक्छन्:

- सास फेर्न गाह्रो हुने
- अनुहार र घाँटी सुन्निने
- मुटुको धडकन बढ्ने
- शरीरभरि नराम्रो डाबर आउने
- रिङ्गटा लाग्ने र कमजोर महसुस गर्ने

Moderna को COVID-19 खोपका सबै सम्भावित साइड इफेक्टहरू यी मात्र नहुन सक्छन् । गम्भीर र अनपेक्षित साइड इफेक्टहरू पनि देखिन सक्छन् । Moderna को COVID-19 खोपको क्लिनिकल ट्रायलहरूमा अझै अध्ययन भइरहेको छ ।

**साइड इफेक्टहरू देखिएमा मैले के गर्नुपर्छ ?**

यदि तपाईंले कुनै गम्भीर एलर्जीजन्य प्रतिक्रिया अनुभव गर्नुभयो भने 9-1-1 मा फोन गर्नुहोस् वा नजिकको अस्पताल जानुहोस् ।

तपाईंलाई कुनै साइड इफेक्टहरूले गर्दा समस्या भयो वा उक्त साइड इफेक्टहरू हराएर गएनन् भने खोप प्रदायक वा आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस् ।

खोपका साइड इफेक्टहरूका बारेमा **FDA/CDC खोप प्रतिकूल घटना रिपोर्टिङ प्रणाली (VAERS)** मा रिपोर्ट गर्नुहोस् । VAERS को टोल-फ्री नम्बर 1-800-822-7967 हो वा अनलाइनमा https://vaers.hhs.gov/reportevent.html मा पनि रिपोर्ट गर्न सकिन्छ । कृपया रिपोर्ट फारामको बाकस #18 को पहिलो हरफमा “Moderna COVID-19 Vaccine EUA” _ लेख्नुहोस् ।

यसका अतिरिक्त, तपाईंले ModernaTX, Inc. लाई 1-866-MODERNA (1-866-663-3762) मा फोन गरेर पनि साइड इफेक्टका बारेमा रिपोर्ट गर्न सक्नुहुन्छ ।

तपाईंलाई **v-safe मा नाम दर्ता गर्ने विकल्प पनि प्रदान गर्न सकिनेछ । V-safe** भनेको स्वेच्छिक रूपमा सामेल हुन सकिने स्मार्टफोनमा उपलब्ध टुल हो । यसले टेक्स्ट म्यासेज तथा वेब सर्वेक्षणहरू प्रयोग गरेर COVID-19 खोप लगाएपछि खोप लगाउने व्यक्तिहरूमा देखिने सम्भावित साइड इफेक्टहरूलाई पहिचान गर्छ । **V-safe** ले CDC लाई COVID-19 का खोपहरू कत्तिको सुरक्षित छन् भनेर अनुगमन गर्नमा मद्दत गर्न खोप लगाउने व्यक्तिलाई प्रश्नहरू सोध्छ । आवश्यक परेको खण्डमा **V-safe** ले खोपको दोस्रो डोज लगाउन स्मरण पनि गराउँछ । त्यस्तै, यो टुलमा सामेल हुने व्यक्तिले COVID-19 खोप लगाउँदा भएको उल्लेख्य स्वास्थ्य समस्याका बारेमा रिपोर्ट गरेमा CDC मार्फत लाइभ टेलिफोन फलोअप पनि गर्छ । यसमा कसरी साइन अप गर्ने भन्ने बारेमा थप जानकारीका लागि यहाँ जानुहोस्: www.cdc.gov/vsafe.

**यदि मैले Moderna को COVID-19 खोप नलगाउने निर्णय गरें भने के हुन्छ ?**

Moderna को COVID-19 खोप लगाउने-नलगाउने तपाईंको रोजाइ हो । यदि तपाईंले यो खोप नलगाउने निर्णय गर्नुभयो भने पनि तपाईं आफूले प्राप्त गरिरहेको सामान्य स्वास्थ्य सेवामा परिवर्तन ल्याउँदैन ।

**Moderna को COVID-19 खोप बाहेक COVID-19 रोकथामका लागि के अन्य विकल्पहरू उपलब्ध छन् ?**

हाल COVID-19 को रोकथामका लागि FDA द्वारा स्वीकृत गरिसकेको कुनै पनि वैकल्पिक खोप उपलब्ध छैन । आपत्कालीन प्रयोग अनुमति अन्तर्गत COVID-19 को रोकथामका लागि अन्य खोपहरू उपलब्ध हुन सक्छन् ।

**के म अरू खोपहरूसँगै Moderna को COVID-19 खोप पनि लगाउन सक्छु ?**

अन्य खोपहरूसँगै Moderna को COVID-19 खोप लगाउनुहुन्छ वा हुँदैन भन्ने बारेमा कुनै जानकारी उपलब्ध भइसकेको छैन ।

**यदि म गर्भवती छु वा मैले बच्चालाई स्तनपान गराइरहेकी छु भने के मैले यो खोप लगाउनुहुन्छ ?**

यदि तपाईं गर्भवती हुनुहुन्छ वा स्तनपान गराइरहनुभएको छ भने आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग आफूसँग उपलब्ध विकल्पहरूका बारेमा कुरा गर्नुहोस् ।

**Moderna को COVID-19 को लगाउँदा के मलाई COVID-19 लाग्छ ?**

लाग्दैन । Moderna को COVID-19 खोपमा SARS-CoV-2 समावेश गरिएको हुँदैन र यो खोप लगाउनाले तपाईंलाई COVID-19 लाग्न सक्दैन ।

**आफ्नो खोप कार्डलाई सुरक्षित राख्नुहोस्**

तपाईंले खोपको आफ्नो पहिलो डोज लगाइसकेपछि तपाईंलाई एउटा खोप कार्ड दिइनेछ जुन तपाईंले Moderna को COVID-19 खोपको दोस्रो डोज लगाउन आउँदा देखाउनुपर्ने हुन्छ । दोस्रो पटक खोप लगाउन आउँदाआफ्नो कार्ड लिएर आउन नबिर्सनुहोस् ।

**थप जानकारी**

यदि तपाईंसँग प्रश्नहरू छन् भने तल दिइएको वेबसाइटमा जानुहोस् वा तल दिइएको टेलिफोन नम्बरमा फोन गर्नुहोस् ।

सबैभन्दा ताजा जानकारीमूलक सामग्रीहरू पहुँच बनाउन कृपया तल दिइएको QR कोड स्क्यान गर्नुहोस् ।

| Moderna को COVID-19 विरुद्धको खोपको वेबसाइट | टेलिफोन नम्बर |
|---|---|
| www.modernatx.com/covid19vaccine-eua | 1-866-MODERNA<br>(1-866-663-3762) |

**म थप जानकारी कसरी प्राप्त गर्न सक्छु ?**

- खोप प्रदायकलाई सोध्नुहोस्
- CDC को वेबसाइटमा जानुहोस्: https://www.cdc.gov/coronavirus/2019-ncov/index.html
- FDA को वेबसाइटमा जानुहोस्:https://www.fda.gov/emergency-preparedness-and-response/mcm-legal-regulatory-and-policy-framework/emergency-use-authorization
- आफ्नो राज्य वा स्थानीय जनस्वास्थ्य विभागमा सम्पर्क गर्नुहोस्

## मैले खोप लगाइएको जानकारीको रेकर्ड कहाँ राखिनेछ ?

खोप प्रदायकले तपाईंको खोपसम्बन्धी जानकारीलाई तपाईंको राज्य वा स्थानीय क्षेत्राधिकार भित्रको खोप सूचना प्रणाली (IIS) वा अन्य तोकिएको प्रणालीमा राख्न सक्नेछन् । यसले तपाईं दोस्रो डोज लगाउन आउँदा यही खोप प्राप्त गर्नुहुन्छ भन्ने कुरा सुनिश्चित गर्नेछ । IIS का बारेमा थप जानकारीका लागि यहाँ जानुहोस्: https://www.cdc.gov/vaccines/programs/iis/about.html.

## खोपको कारणले चोटपटक लागेमा क्षतिपूर्ति प्रदान गर्ने कार्यक्रम भनेको के हो ?

खोप वा औषधिको कारणले चोटपटक लागेमा क्षतिपूर्ति दिने कार्यक्रम (CICP) भनेको एक संघीय कार्यक्रम हो जसले यो खोप लगायत निश्चित औषधी वा खोपहरूको कारणले गम्भीर रूपमा चोटपटक लागेका निश्चित मानिसहरूका लागि औषधोपचार खर्च र अन्य विशेष खर्चहरूको भुक्तानीमा मद्दत गर्न सक्नेछ । सामान्यतया, यो क्षतिपूर्ति प्राप्त गर्न खोप लगाएको एक वर्ष (1) भित्र CICP मा दाबी पेस गरिसक्नुपर्छ । यो कार्यक्रमका बारेमा थप जान्नका लागि www.hrsa.gov/cicp/ मा जानुहोस् वा 1-855-266-2427 मा फोन गर्नुहोस् ।

## आपत्कालीन प्रयोग अनुमति (EUA) भनेको के हो ?

अमेरिकी FDA ले Moderna को COVID-19 खोपलाई EUA नामक आपत्कालीन पहुँच सयन्त्र अन्तर्गत उपलब्ध गराएको छ । COVID-19 महामारीको यो घडीमा औषधी तथा जैविक उत्पादनहरूलाई आपत्कालीन रूपमा प्रयोग गर्न सकिन्छ भन्ने पुष्टि गर्ने परिस्थितिहरू विद्यमान हुन्छन् भनेर स्वास्थ्य तथा मावन सेवा (HHS) सेक्रेटरीद्वारा गरिएको घोषणा बमोजिम यो EUA लाई जारी गरिएको हो ।

FDA ले अनुमोदन वा स्वीकृत गरेका उत्पादनमा जति समीक्षा गरिन्छ त्यति समीक्षा Moderna को COVID-19 खोपका सम्बन्धमा गरिएको छैन । पर्याप्त, स्वीकृत र उपलब्ध विकल्पहरू नभएको लगायत केही मापदण्डहरू पूरा हुँदा FDA ले EUA जारी गर्न सक्दछ । त्यस बाहेक, FDA को निर्णय COVID-19 महामारीको समयमा COVID-19 को रोकथामका लागि प्रभावकारी हुन सक्छ र उत्पादनका थाहा भएका तथा सम्भावित लाभहरू यसका ज्ञात तथा सम्भावित जोखिमहरूभन्दा बढी हुन्छ भन्ने कुआ प्रमाणित गर्ने उपलब्ध वैज्ञानिक प्रमाणहरूको सम्पूर्णतामा आधारित हुन्छ । COVID-19 महामारीको समयमा उत्पादनलाई प्रयोग गर्नका लागि यी मापदण्डहरूलाई अनिवार्य रूपमा पूरा गरिनुपर्छ ।

Moderna को COVID-19 खोपका लागि EUA उक्त घोषणाको अन्त्य गरिएको वा खारेज भएको अवस्थामा बाहेक (जुन मिति उप्रान्त उत्पादनहरू प्रयोग नहुन सक्नेछन्) यी उत्पादनहरूको आपत्कालीन प्रयोगको औचित्य प्रमाणित गर्ने COVID-19 EUA घोषणाको अवधिका लागि लागू हुनेछ ।

©2020 ModernaTX, Inc. सर्वाधिकार सुरक्षित । प्याटेन्ट(हरू):
www.modernatx.com/patents संशोधित मिति: 12/2020